मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २९ गते बिहीबार ❑ 12 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## शनिबारदेखि पोखराको फोहोर उठाउने मेयर आचार्यको उद्घोष

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

एक महिनादेखि थुप्रिँदै आएको पोखराको फोहोर अब शनिबारदेखि नियमित रूपमा उठाइने भएको छ।

पोखरा महानगरपालिकाले बुधबार पोखरा सभागृहमा आयोजना गरेको सर्वदलीय-सर्वपक्षीय बैठक पछि पोखराका मेयर धनराज आचार्यले शनिबारदेखि बजार क्षेत्रसहित सम्पूर्ण वडामा फोहोर संकलनलाई नियमित बनाइने उद्घोष गर्नुभएको हो । लामेआहाल ल्याण्डफिल साइड भरिएपछि वैकल्पिक स्थानको टुङ्गो नलाग्दा समस्या उत्पन्न भएको उल्लेख गर्दै मेयर आचार्यले तपाईँहरूले देख्नुभएको जटिल अवस्थालाई समाधान गर्न महानगर अल्पकालीन र दीर्घकालीन दुवै योजना अघि बढाइरहेको बताउनुभयो । "दर्जनौँ स्थानको अध्ययन गर्यौँ, तर विभिन्न कारणले निष्कर्षमा पुग्न सकेनौँ," उहाँले भन्नुभयो, "अब तत्काल व्यवस्थापन गरी शनिबारदेखि नियमित उठान सुनिश्चित गर्छौं ।" पछिल्लो एक महिनामा पोखराका



सडक, चोक र बस्तीमा फोहोरको थुप्रो बढ्दै गएको छ। कहिलेकाहीँ मुख्य क्षेत्रबाट मात्र हटाइए पनि समग्र व्यवस्थापन नहुँदा समस्या झनै गम्भीर बनेको छ। केही दिनयता सडकको बीच भागमै फोहोर थुपारेर महानगरप्रति दबाब दिने प्रवृत्ति पनि देखिएको छ।

पोखराका राजन श्रेष्ठले फोहोर व्यवस्थापनमा तपाईँहरूको ध्यानाकर्षण गराउन नै सडकको बीच भागमा फोहोर फालिएको बताउनुभयो । "कुनाकाप्चामा फाल्दा कसैले वास्ता गर्नुहुन्न, बीच सडकमा राख्दा सबैको ध्यान जान्छ," उहाँले हामी समक्ष गुनासो गर्नुभयो। यता कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जथाभावी फोहोर फाल्ने कार्य कानुनविपरीत हुने स्पष्ट पार्नुभयो। "तपाईँहरूले अधिकारसँगै कर्तव्य पनि सम्झनुपर्छ। गैरकानुनी गतिविधि दण्डनीय हुन्छ, प्रशासन कानुन कार्यान्वयनमा सचेत छ," उहाँले चेतावनी दिनुभयो। गण्डकी प्रदेश सरकारका प्रमुख सचिव डण्डुराज घिमिरेले पर्यटन राजधानी पोखराको छविमा परेको असरप्रति चिन्ता व्यक्त गर्दै राज्य र नागरिक दुवैले आ-आफ्नो दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । "मुख्य जिम्मेवारी महानगरको भए पनि प्रदेश सरकार तपाईँहरूसँग सहकार्य गर्न तयार छ," उहाँले बताउनुभयो । नागरिक समाजका अगुवा तथा वातावरण संरक्षण महाअभियानका संयोजक रामबहादुर पौडेलले सरसफाइ अभियानमा तपाईँहरूसँगै नागरिक समाज निरन्तर उभिने प्रतिबद्धता जनाउनुभयो । बैठकमा नेपाली काँग्रेसका नवीन सिग्देल, नेकपा एमालेका भेषराज बराल, नेकपाका विश्वप्रकाश लामिछाने, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा (विप्लव), श्रम संस्कृति पार्टी लगायत दलका प्रतिनिधिहरूले महानगरलाई आवश्यक सहयोग गर्ने बताउनुभएको छ। मेयर आचार्यको अध्यक्षतामा सम्पन्न बैठकमा उपमेयर मञ्जुदेवी गुरुङ र प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले जनताको माग र चासोअनुसार फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

एक महिनादेखि थुप्रिएको फोहोरका कारण पर्यटन, जनस्वास्थ्य र शहरको छविमा नकारात्मक प्रभाव परेको भन्दै सरोकारवालाहरूले अबको व्यवस्थापन दिगो र प्रभावकारी हुनुपर्नेमा जोड दिएका छन्।

## 'सबै प्रकारका भ्रष्टचारलाई छानबिनको दायरामा ल्याउनुपर्छ'




पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नीति, पद्धति, प्रविधि र प्रवृत्तिगत सुधारका प्रयासलाई प्रभावकारी बनाएर अनुशासन र सदाचार प्रणालीको विकास गर्नु आजको आवश्यकता रहेको बताउनुभएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औं स्थापना दिवसका अवसरमा पोखरा कार्यालयले आयोजना गरेको विशेष समारोहमा प्रमुख अतिथि भट्टले यस्तो बताउनुभएको हो । राज्यका निकाय, निजी क्षेत्र, नागरिक समाज र आम नागरिकले आ-आफ्नो तहबाट भ्रष्टाचार न्यूनीकरणमा जिम्मेवारी बोधसहित भ्रष्टाचारमुक्त समाज स्थापना र सुशासनको प्रत्याभूतिका लागि तत्परता र सक्रियता देखाउन जरुरी रहेको उहाँले उल्लेख गर्नुभयो । 'सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरुप दिन सबै प्रकारका भ्रष्टाचारलाई छानविनको दायरामा ल्याउन आवश्यक छ ।' उहाँले भन्नुभयो - 'शक्ति र पद हुँदैमा जो कोही कानुनी जवाफदेहीताबाट मुक्त हुँदैन भन्ने विश्वास आम नागरिकमा जागृत गराउन सक्नुपर्दछ।'

अहिलेको समयमा भ्रष्टाचारको प्रकृति र प्रवृत्तिमा परिवर्तन आएकोले अनुसन्धानको विषयमा देखिएका नयाँ चुनौतीहरूलाई सामना गर्न आयोग तथा मातहतका कार्यालयहरू सशक्त भई आफ्नो कार्यपद्धतिलाई रचनात्मक बनाउनुपर्ने पनि उहाँको सुझाव थियो। यसका लागि उपलब्ध साधन स्रोतको सीमामा रहेर उच्चतम प्रविधिको प्रयोग गर्दै राष्ट्रसेवक कर्मचारीहरूले आफ्नो सीप, ज्ञान, दक्षता र क्षमता अभिवृद्धि गरेर व्यवस्थापकीय कार्यकुशलता प्रदर्शन गर्न सक्नुपर्नेमा जोड दिनुभयो। 'सरकारी कानुनी राज्यको स्थापना र सुशासनको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व हो। आयोगले भ्रष्टाचारका सम्भाव्य जोखिमका बारेमा सार्वजनिक निकाय र पदाधिकारीलाई बोध गराई यसको नियन्त्रणमा अग्रणी भूमिका निर्वाह गर्न कुनै कसर बाँकी राख्नेछैन भन्नेमा म विश्वस्त छु।' उहाँले भन्नुभयो।

हालको परिवेशमा राज्यका निकायहरूबाट भइरहेको काम कारबाहीलाई नियाल्दा सेवा प्रवाहमा हुनुपर्ने सहजता र विकास निर्माण प्रक्रियामा जनतालाई गराउनुपर्ने सहभागिताको कमी देखिएको बताउँदै उहाँले भ्रष्टाचारको प्रवृत्ति हेर्ने हो भने पूर्वाधार, शिक्षा, स्वास्थ्य, भूमि प्रशासन, कृषि लगायतको क्षेत्रमा जनताको बढी गुनासो देखिएको बताउनुभयो । 'भ्रष्टाचार विरुद्धको लडाई सबैको साझा लडाई हो । आर्थिक अनियमितता, भ्रष्टाचार नियन्त्रणको काम चुनौतीपूर्ण छ ।' उहाँले भन्नुभयो- 'मुलुकमा सुशासन स्थापना गर्न, लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउन र प्रणाली बसाउन अख्तियार क्रियाशील रहेको भन्ने मेरो बुझाई छ ।' आयोगले नेपालको संविधान एवं प्रचलित कानुनको अधिनमा रहेर भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनमा गरेको योगदानका लागि धन्यवाद व्यक्त गर्दै उहाँले स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको निकायका रुपमा आगामी दिनमा आयोगले अझै प्रभावकारी ढंगले काम गर्ने विश्वास व्यक्त गर्नुभयो।

## अहिले हामी कुनै खालको तालमेल र समीकरण गर्ने पक्षमा छैनौं: संयोजक प्रचण्ड

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टी कसैसँग पनि चुनावी तालमेल र समीकरण नगर्ने बताउनु भएको छ।

बुधबार पोखरामा नेकपा कास्कीको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै संयोजक प्रचण्डले नेकपाले अहिलेको अबस्थामा कसैसँग पनि चुनावी तालमेल र समीकरण नगर्ने बताउनु भएको हो। "अहिले हामी कुनै खालको तालमेल र समीकरण गर्ने पक्षमा छैनौं, आफ्नै खुट्टामा उभिएर जनताको विश्वासको बलमा हामी टेस्ट हुन चाहान्छौं," अध्यक्ष प्रचण्डले भन्नुभयो, "हामीलाई थाहा छ, हामी यो परीक्षामा उत्तीर्ण हुनेछौं।" उहाँले नेकपाले १६४ निर्वाचन क्षेत्रमा आफ्नै उम्मेदवार उठाएको जानकारी दिँदै बागलुङमा मात्र जनमोर्चासँग चुनावी तालमेल भएको उल्लेख गर्नुभयो।

निर्वाचन प्रक्रिया धेरै अघि बढिसकेको उल्लेख गर्दै उहाँले निर्वाचन सर्ने हल्ला र भ्रममा नपर्न कार्यकर्तालाई आग्रह गर्नुभयो । सरकार, सुरक्षा निकाय, निर्वाचन आयोग तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिका गतिविधि हेर्दा निर्वाचन नसरिने स्पष्ट भएको उहाँको भनाइ थियो। "निर्वाचन नसर्ने भएकाले कुनै भुर्रमर र कन्फ्युजनपछि नलागी पूर्ण तयारीका साथ निर्वाचनमा



होमिनुहोस्," उहाँले निर्देशन दिनुभयो। फागुन २१ गते हुने निर्वाचन नियमित र सामान्य परिस्थितिको नभएको उल्लेख गर्दै उहाँले भदौ २३ र २४ गतेको जेनजी आन्दोलन तथा त्यसपछिको असहज र असाधारण अवस्थाका कारण बाध्यात्मक निर्वाचनको परिस्थिति बनेको बताउनुभयो। देशलाई निकास दिन सहजीकरण, अपिल र अडानमार्फत अहिलेको अवस्था निर्माण गर्न आफ्नो नेतृत्वले भूमिका खेलेको दाबी उहाँले गर्नुभयो । "असहज परिस्थितिको निकास जनतामा गएर मात्र सम्भव छ भन्ने हाम्रो निष्कर्ष हो," उहाँले भन्नुभयो। राष्ट्रिय स्वाधीनता, राष्ट्रिय एकता र देशभित्र विभिन्न शक्तिहरूको चलखेल रोक्ने उद्देश्यले २६ वटा साना-ठूला घटकबीच एकता गरी नेकपा स्थापना गरिएको उहाँले स्पष्ट पार्नुभयो। एमालेबाट ठूलो संख्यामा नेता-कार्यकर्ता नेकपामा प्रवेश गरेको दाबी गर्दै पार्टीमा उत्साह र विश्वास बढ्दै गएको उहाँले बताउनुभयो।

कास्कीमा संगठनात्मक अवस्था मध्यम भए पनि उम्मेदवारको सक्रियता र पार्टी एकताका कारण सकारात्मक परिणाम आउने उहाँको विश्वास थियो । ठूला सभा र लाखौं खर्च गरेर भोट ल्याउने समय सकिएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले सूचना प्रविधिको अधिकतम प्रयोग गर्न कार्यकर्तालाई निर्देशन दिनुभयो। "ठूलो सभा गरेर, लाखौं खर्च गरेर भोट धेरै पाउने समय गयो," उहाँले भन्नुभयो, "अब घरघर, टोलटोलमा पुगेर पार्टीको एजेन्डा र विचार प्रवाह गर्नुपर्छ। आइटीको जतिसक्दो बढी प्रयोग गर्नुपर्छ।" सामाजिक सञ्जालमार्फत फैलाइने फेक समाचार र अफवाहको प्रतिवाद गर्न समेत उहाँले आग्रह गर्नुभयो । नेकपा कात्तिक १९ गते स्थापना भएको नयाँ विचार, भिजन र मिसनसहितको पार्टी भएको दाबी गर्दै उहाँले संघीय लोकतान्त्रिक पद्धतिको प्रवर्द्धन आफ्नो मूल विचार रहेको बताउनुभयो। "हामी हिजोको ठाउँमा छैनौं, आत्मसमीक्षा र आत्मालोचनासहित नयाँ उचाइमा उभिएका छौं," उहाँले भन्नुभयो। पार्टीको चुनाव चिन्ह 'तारा' मा मतदान गर्न जनतालाई स्पष्ट रूपमा सिकाउनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उहाँले व्यङ्ग्यात्मक शैलीमा भन्नुभयो, "सूर्यभन्दा कति माथि हुन्छ तारा ।" देशमा नयाँ नेतृत्व आवश्यक रहेको र त्यसको जिम्मेवारी लिन आफ्नो पार्टी सक्षम रहेको उहाँको दाबी थियो । हाल देशमा नेपाली कांग्रेस, एमाले, नेकपा र राष्ट्रिय स्वतन्त्र पार्टीबीच मुख्य प्रतिस्पर्धा हुने चर्चा चलिरहेको उल्लेख गर्दै उहाँले जनताको विश्वास जित्नेमा आफूहरू ढुक्क रहेको बताउनुभयो। नेकपाले सार्वजनिक गरेको घोषणापत्रले भ्रष्टाचार नियन्त्रण, सुशासन, सामाजिक न्याय र आर्थिक विकासलाई प्राथमिकतामा राखेको उहाँले जानकारी दिनुभयो। "राजनीतिक व्यवस्थाको परिवर्तनको बाहक नेकपा भएजस्तै, अब समाजवादतर्फको रूपान्तरणको नेतृत्व पनि नेकपाले गर्नेछ," अध्यक्ष प्रचण्डले बताउनुभयो।

उक्त अवसरमा नेपाली कागेंस सहितका केही पार्टीका नेता कार्यकर्ताहरु नेकपामा प्रबेश गरेको नेकपा कास्कीका संयोजक विश्वप्रकाश लामिछानेले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## निर्वाचन रिपोर्टिङ सम्बन्धी दुई दिने तालिम

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

कास्कीमा क्रियाशील पत्रकार हरुलाई लक्षित गरी निर्वाचन रिपोर्टिङ सम्बन्धी दुई दिने तालिम पोखरामा सुरु भएको छ।

नेपाल पत्रकार महासंघ कास्कीको आयोजना र प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोगमा बुधबारदेखि तालिम सुरु भएको हो। तालिमको शुभारम्भ गर्दै कास्की जिल्ला अदालतका न्यायाधीश एवम प्रतिनिधि सभा निर्वाचन कास्की क्षेत्र नम्बर ३ का मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्बासेले निवार्चनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउन सञ्चारमाध्यम र पत्रकारको महत्वपूर्ण भूमिका रहने बताउनु भयो । निर्वाचनका क्रममा गरिने समाचार संप्रेषण र रिपोर्टिङलाई सत्य, निष्पक्ष र स्वतन्त्र बनाउन महासंघले तालिम आयोजना गरेकोमा धन्यवाद दिनुभयो।

निवाचन आचारसहिंत र निर्वाचन प्रक्रियाका बारेमा आफ्नो प्रस्तुतिकरण राख्दै

बाँकी अन्तिम पृष्ठमा ▶▶

# जावलाखेल आहा रारा पोखरा गोल्डकपको क्वाटरफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

जावलाखेल युथ क्लब पोखरामा जारी २५ औँ संस्करणको आहा रारा पोखरा गोल्ड कपको क्वाटरफाइनलमा प्रवेश गरेको छ।

पोखरा रंगशालामा बुधबार भएको खेलमा मच्छिन्द्र फुटबल क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै जावलाखेलले प्रतियोगिताको अन्तिम आठमा स्थान बनाएको हो। जावलाखेलको जितमा खेलको ५४ औं मिनेटमा निकोलस ओडेन ह्यामिन्टन र खेलको ६६ औं मिनेटमा बुबाकार सिसोखोले गोल गर्नु भएको हो। पहिलो हापमा दुबै तर्फ गोल हुन सकेन भने मच्छिन्द्र क्लवले पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा पहिलो चरणको खेलबाटै बाहिरिनु पर्‍यो। बुधबारको खेलमा



जावलाखेलका निकोलस म्यान अफ दी म्याच घोषित हुनु भयो। जावलाखेलले फागुन ३ गते चर्च व्वाइज यूनाइटेडसंग प्रतिष्प्रर्धा गर्ने भएको खेल संयोजक पूर्ण बहादुर गुरुङले जनाउनु भयो। यसैबिच, भोलि (विहिबार) तेश्रो प्रि–क्वाटरफाइनल खेलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लव बिरुद्ध पोखरेलीको प्रिय टोली मनाङ मर्स्याङदी क्लव बिच खेल हुने भएको छ।

अस्थायी फ्लटलाइट जडान गरे पनि प्रयाप्त मात्रमा खेल्न योग्न नभएको गुनासो आएसंगै आजदेखि आयोजक सहारा क्लवले दिउसो ४:०० बजे देखि खेल संचालन गरेको हो। यस अघि ५:०० बजे पछि साँझमा खेल संचालन गर्ने तयारी गरिएको थियो।

मंगलबार भएको उद्घाटन खेलमा पाहुना टोली हङकङको गोर्खा इन्टरनेशनल फुटबल क्लबलाई पराजित गर्दै आयोजक सहारा क्लवले २५ औं आहा! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को क्वाटरफाइनलमा प्रबेश गरेको छ। फागुन ९ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टिमको सहभागिताल रहेको सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले बताउनु भयो। प्रतियोगिताको विजेताले नगद १४ लाख १ हजार रुपैयाँसहित शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ७ लाख १ हजार रुपैयाँसहित शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ। यस वर्षको सर्वोत्कृष्ट खेलाडीले टेल्जी इलेक्ट्रिक स्कुटर प्राप्त गर्नेछन्।

# बिटी कपमा सेमिफाइनल समिकरण, फाइनल बिहीबार हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

पोखरा महानगरपालिका १ टुंडिखेलमा जारी 'नवौं विरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा सेमिफाइनल समिकरण पूरा भएको छ।

बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा दीप युनाइटेड, रामघाट निलो, लामागाउँ गुम्बा 'टिम बि' र फायर पिज्जा एफसीले सेमिफाइनलमा स्थान पक्का गरेको हो। क्लबका अध्यक्ष सन्तोष गुरुङका अनुसार बुधबार भएको पहिलो क्वाटरफाइनल खेलमा दीप युनाइटेडले आयोजक बिटी 'टिम ए' लाई २-० गोल अन्तरले पराजित गर्दै दीप अन्तिम चारमा प्रवेश गर्‍यो। दीपको जीतमा सोभित भण्डारी र लोकेन छन्त्यालले समान १/१ गोल गरे। उक्त खेलबाट



दीप युनाइटेडका अमित गुरुङ म्यान अफ द म्याच बने। यसैगरी दोस्रो खेलमा रामघाट निलोले एमटियुसीलाई १-० गोल अन्तरले हरायो। निकै प्रतिस्पर्धात्मक बनेको खेलमा एमटियुसीका विमल ठकुरीको आत्मघाती गोलका कारण एमटियुसी क्वाटरफाइनलबाटै बाहिरियो। सो खेलबाट रामघाटका रोशन नेपाली म्यान अफ द म्याचबाट पुरस्कृत बने।

तेस्रो खेलमा लामागाउँ गुम्बा 'टिम बि'ले बिटी क्लब 'टिम बि'माथी २-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्यो। लामागाउँको जीतमा सरोज गुरुङ र दिवस छन्त्यालले समान समान १/१ गोलको योगदान दिए। उक्त खेलबाट लामागाउँका सरोज तितुङ म्यान अफ द म्याच बने। बुधबार भएको अन्तिम क्वाटरफाइनल खेलमा डेभिजफल्स क्लबमाथी फायर पिज्जाले ५-० को फराकिलो गोल अन्तरले सहजै जीत निकाल्यो। फायर पिज्जाको जीतमा म्यान अफ द म्याच बनेका मनिष ठकुरीले ह्याट्रिक पूरा गरे भने, अंकित गुरुङ र मनोज गुरुङले समान १/१ गोल गरे। बुधबार बिहान ७ बजे पहिलो सेमिफाइनल खेल दीप युनाइटेड र रामघाट निलोबीच हुने खेल संयोजक निकेश गुरुङले जानकारी दिए। उनका अनुसार दोस्रो सेमिफाइनल खेल लामागाउँ गुम्बा 'टिम बि' र फायर पिज्जाबीच बिहान ८ बजे प्रतिस्पर्धा हुनेछ। कुल ४८ टिमको सहभागिता रहेको सो प्रतियोगिताको फाइनल खेल दिउँसो २ बजे हुने संयोजक गुरुङले बताए। उनका अनुसार प्रतियोगिताको विजेतालाई २ लाख २ सय २२ रुपैयाँ र उपविजेतालाई १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।

# नेपाल प्याराग्लाइडिङ पाइलट्स क्लब अध्यक्षमा लक्ष्मण थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

नेपाल प्याराग्लाइडिङ पाइलट्स क्लबको अध्यक्षमा लक्ष्मण बहादुर थापा निर्वाचित भएका छन्। क्लबको बुधबार सम्पन्न पाँचौं अधिवेशनले थापाको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो।

जस अन्तर्गत क्लबको उपाध्यक्षमा मित्रलाल बास्तोला, सचिवमा प्रेम तिमिल्सिना र कोषाध्यक्षमा हरी प्रसाद पहारी निर्वाचित भए। त्यसैगरीसदस्यमारविनअधिकारी, ओमित गुरुङ, ईस्का राई, राम तामाङ र राजेश गिरी निर्वाचित भएका छन।

अधिवेशनको उद्धाटन गर्दै पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथपहारीलेप्याराग्लाइडिङले पोखरामा पर्यटकको बसाइ




अवधि बढाउन र साहसिक पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण भूमिका खेलेको बताए। उनले प्याराग्लाइडिङ पोखरामा पर्यटकको पहिलो रोजाइ भएकाले सबै संस्था र मानिसहरू यसको प्रवर्द्धनमा लाग्नुपर्नेमा जोड दिए। क्लब अध्यक्ष दीपक थापाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सचिव प्रेम तिमल्सिनाले प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष सुमन थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। नवनिर्वाचित अध्यक्ष लक्ष्मण बहादुर थापाले आगामी कार्यकालमा पाइलटहरूको हक, हित तथा सुरक्षालाई पहिलो प्राथमिकतामा राख्ने बताए। उनले भने, उडान मापदण्ड तथा सुरक्षा प्रणालीलाई अझ सुदृढ बनाउनुका साथै टेकअप तथा ल्यान्डिङ क्षेत्रको दीर्घकालीन व्यवस्थापनका लागि स्थानीय तहसँग सहकार्य गर्दै स्थायी पूर्वाधार विकास गर्नेछौं।

उनले पाइलटहरूको बीमा, पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धी विषयमा स्पष्ट नीति निर्माणका लागि निरन्तर पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। साथै नयाँ पाइलटहरूको क्षमता अभिवृद्धि तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागिता बढाउन तालिम, प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने उनको भनाइ थियो।

नेपाल प्याराग्लाइडिङ पाइलट्स क्लब समग्र पाइलटहरूको हक, हित तथा सुरक्षाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०७३ साल भाद्र ८ गते जिल्ला प्रशासन कार्यालयमा विधिवत् दर्ता भई कार्यारम्भ गरेको संस्था हो। हालसम्म ४ सय १२ जना नेपाली पाइलटहरूले टेन्डम लाइसेन्स प्राप्त गरिसकेका छन्।

# निर्वाचन ...

गण्डकी प्रदेश निर्वाचन कार्यालयका निर्वाचन अधिकारी नारायण ढकालले पत्रकारले निर्वाचनका बेला आफ्नो पक्षधरता नदेखाई स्वतन्त्र रुपमा आम जनता माझ यथार्थ सूचना प्रकाशन र प्रसारण गर्नुपर्ने बताउनु भयो। तालिममा समाधान दैनिकाका प्रधान संपादक पत्रकार भरत कोइरालाले पत्रकारले निवार्चन रिपोर्टिङका क्रममा बटुलेको अनुभव सनाउँदै आमसञ्चार माध्यमले पाठक,स्रोता र दर्शक प्रतिको विश्वास नगुमाउन निष्पक्ष एवम् तथ्यपरक समाचार प्रकाशन गर्नुपर्ने बताउनु भयो। नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले निर्वाचनलाई भयरहित र धाँधली रहित बनाउन पत्रकारिताको पनि भूमिका रहने भएकाले निर्वाचन सम्बन्धी रिपोर्टिङ तालिम आयोजना गरिएको बताउनुभयो। उहाँले पत्रकारितले जहिले पनि देश र जनाताको पक्षमा हुनुपर्ने बताउनुभयो। अध्यक्ष बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत महासंघ कास्कीका उपाध्यक्ष माधव रेग्मी र सञ्चालन सचिव भुपाल गुरुङले गर्न भएको थियो। विभिन्नसंचारमाध्यममा आवद्ध ७५ जना पत्रकार तालिममा सहभागी भएको सहसचिव तथा प्रचार विभाग प्रमुख मधु अधिकारीले जानकारी दिनुभयो। बिहीबारसम्म सञ्चालन हुने तालिममा निर्वाचन सम्बन्धी कानुन, निर्वाचन प्रक्रिया, पत्रकार आचारसंहिता र निर्वाचन सुरक्षा संवेदनशिलता लगाय विषय समेटिएका छन्।

# लेकसिटी कलेजमा प्रहरीको साइबर सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

कास्की जिल्लामा चालु आर्थिक वर्षमै १० करोड रुपैयाँभन्दा बढीको अनलाइन ठगी भएको तथ्य सार्वजनिक भएको छ।

पोखराको गैरापाटनस्थित लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरमा जिल्ला प्रहरी कार्यालय कास्कीले आयोजना गरेको साइबर सुरक्षा प्रशिक्षण कार्यक्रममा वरिष्ठ प्रहरी नायब निरीक्षक होतबहादुर रोकाले यस्तो जानकारी दिएका हुन्।

प्रविधिको तीव्र विकाससँगै कास्कीमा साइबर अपराधका घटना डरलाग्दो रूपमा बढ्दै गएको उनले बताए। सामाजिक सञ्जालको दुरुपयोग अहिले प्रमुख चुनौती बनेको उल्लेख गर्दै उनले फेसबुक, टिकटक, इन्स्टाग्राम, ह्वाट्सएप, इमो र भाइबरजस्ता माध्यमबाट ठगी, गालीबेइज्जती, धम्की, चरित्रहत्या तथा अरूको फोटो-भिडियो दुरुपयोग गर्ने प्रवृत्ति बढेको बताए। चेतनाको कमी र प्रलोभनमा पर्ने बानीका कारण धेरैले करोडौँ रुपैयाँ गुमाउनु परेको उनको भनाइ थियो। प्रहरीका अनुसार आर्थिक वर्ष २०७९/८० मा कास्कीमा साइबर अपराधसम्बन्धी ९ सय ३९ निवेदन दर्ता भएका थिए। तीमध्ये १५ वटामा मिलापत्र गरिएको थियो भने ८ सय २४ वटा उजुरी आवश्यक कारबाहीका लागि तालुक कार्यालय पठाइएको थिया। सो अवधिमा ७ वटा साइबर मुद्दा दर्ता भए। पीडितमध्ये



४ सय १ पुरुष, ५ सय १० महिला, ९ बालक र १९ बालिका रहेका थिए। आर्थिक वर्ष २०८०/८१ मा निवेदन संख्या घटेर ४ सय ६१ पुगेको थिया। जसमध्ये ३७ वटामा मिलापत्र भयो भने ४ सय २४ उजुरी माथिल्लो निकायमा पठाइयो। सो वर्ष ८ वटा मुद्दा दर्ता हुँदा २ सय ११ पुरुष, २ सय ३२ महिला, ४ बालक र १४ बालिका पीडित भएका थिए। सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै महिला र बालबालिका बढी जोखिममा रहेको देखिएको प्रहरीको भनाइ छ। चालु आर्थिक वर्ष २०८१/८२ मा हालसम्म २ सय २३ निवेदन दर्ता भइसकेका छन्। तीमध्ये ९९ वटामा मिलापत्र गराइएको छ भने २ सय २० उजुरी अनुसन्धानका लागि पठाइएको छ। यस अवधिमा २ वटा मुद्दा दर्ता भएका छन्। यस वर्ष १ सय १ पुरुष, १ सय २० महिला र २ जना बालिका साइबर अपराधबाट पीडित भएका छन्। तथ्यांकले पुरुषभन्दा महिला बढी प्रभावित हुने देखाएको छ। प्रशिक्षणका क्रममा प्रहरी नायब निरीक्षक रोकाले विद्यार्थीलाई सचेत रहन आग्रह गर्दै भने, 'अपरिचित व्यक्तिले पठाएको लिंक नखोल्नुहोस्, चिट्ठा पर्‍यो भन्दै आउने सन्देशको विश्वास नगर्नुहोस्। पासवर्ड र व्यक्तिगत विवरण सुरक्षित राख्न नसक्दा धेरैले दुःख पाएका छन्।' उनले विद्यार्थीहरू प्रविधिसँग नजिक हुने भएकाले आफू सुरक्षित रहने मात्र होइन,समाजमापनिसाइबरसचेतना फैलाउन भूमिका खेल्नुपर्नेमा जोड दिए।

कार्यक्रम लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरले विद्यार्थीलाई साइबर अपराध र त्यसबाट बच्ने उपायबारे जानकारी दिने उद्देश्यले आयोजना गरेको हो। क्याम्पसका सहायक प्रमुख तथा पत्रकारिता एवं आमसञ्चार विभागका प्रमुख प्राध्यापक शोभाकान्त सिग्देलले प्रशिक्षण उपलब्धिमूलक भएको भन्दै यसले विद्यार्थीलाई व्यवहारिक रूपमा सुरक्षित बन्न सहयोग गर्ने बताए। सोही कार्यक्रममा विए द्धित्तिय वर्षमा अध्ययनरत सन्देश शर्माले साइबर वारे जिज्ञासा राखेका थिए।

# देशलाई विकास र सुशासन चाहिएको छ : सभापति लामिछाने



**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले देशमा विकास र सुशासन चाहिएकाले त्यसका लागि आफू नेतृत्वको पार्टी जनतामाझ आएको दाबी गर्नुभएको छ।

पोखरामा बुधबार आयोजित रास्वपाको चुनावी कार्यक्रममा उहाँले आगामी निर्वाचनबाट मुलुकले सक्षम नेतृत्व पाउने विश्वास व्यक्त गर्नुभयो। सुशासनको एजेण्डासहित निर्वाचनमा होमिएको भन्दै अघिल्लो निर्वाचनको तुलनामा बढी सिट जितेर रास्वपा ससंद्मा पुग्ने उहाँको दाबी थियो। सभापति लामिछानेले न्याय र सुशासनको माग गर्दा सहिद भएका नवयुवाहरूको सपनालाई खेर जान नदिने बताउनुभयो। उहाँले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनले मुलुकलाई नयाँ दिशादिर्नेशन गर्ने बताउनुभयो। सुशासन र समृद्धिसहित देशभित्रै रोजगारी सिर्जना गर्न सके युवाको विदेश पलायनलाई रोक्न सकिने सभापति लामिछानेको भनाइ छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा भगन्दर सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# आयोगको म्याद चुनावसम्म

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका घटना जाँचबुझ गर्न गठित आयोगले फागुन २१ गतेको निर्वाचनपछि मात्रै प्रतिवेदन बुझाउने भएको छ। असोज ५ गते सरकारले तीन महिनाको समय दिँदै गठन गरेको पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगको म्याद तेस्रो पटक थप गरिएको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले आयोगको प्रस्ताव अनुसार फागुन २४ गतेसम्म (२५ दिन) म्याद थप गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिएका छन । सरकारले गठन गर्दा दिएको म्याद पुस ९ गते सकिएको थियो । नेपालमा आयोग गठन तत्कालको आक्रोश कम गर्न हुने गरेको छ । आयोगमा रहने व्यक्तिको भूमिका तटस्थ र सबैले मान्यता नदिने हुँदा प्रतिवेदन विवादित हुने गरेको छ । आन्दोलनकारीले चाहेको जस्तो प्रतिवेदन ल्याउन पनि एउटा पक्षले अस्वीकार गर्ने व्यक्ति आयोगमा राखेर विवादित बनाउने गरिएको छ । शुरुमा चुनाव हुँदैन कि भनेर आयोगको म्याद थपिएको हो।अहिले चुनावको मुखमा प्रतिवेदन सार्वजनिक हुँदा चुनावलाई बाधा पुग्छ भनेर चुनावपछि सारिएको बुझ्न सकिन्छ ।

सरकारले पहिलो पटक एक महिना थप गर्दै माघ ९ गतेसम्म बनाएको थियो। यो अवधिमा पनि काम नसकिएको भन्दै आयोगको प्रस्तावमा दोस्रो पटक २० दिन थप गरिएको थियो । दोस्रो पटक थप भएको म्याद माघ २८ गते सकिँदै थियो । त्यो म्याद सकिनु दुई दिनपहिले नै सरकारले अर्को २५ दिन थप गर्दै चुनावको तीन दिनपछिलाई धकेलेको हो । जेनजी आन्दोलनमा सरकारले गोली चलाउँदा आन्दोलनकारीको ज्यान गएको थियो। आन्दोलनकारीले तीन प्रहरीको हत्या गरेका थिए। कारागारबाट भाग्ने क्रममा १० जना कैदीबन्दीको गोली लागेर ज्यान गएको थियो । आन्दोलनकारीले आगजनी गर्दा र अन्य कारणले पनि केहीको ज्यान गएको थियो । सरकारले आन्दोलनका क्रममा मारिएका मध्ये तीन प्रहरीसहित ४५ जनालाई सहिद घोषणा गरेको छ ।

यी हत्याका घटनामा संलग्नको पहिचान गरी कारबाहीका लागि सिफारिस गर्न आयोगलाई क्षेत्राधिकार तोकिएको छ। यस्तै भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास, प्रहरी कार्यालयहरु, निजी क्षेत्र तथा सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोडबाट ठूलो क्षति पुगेको छ। यी घटनाको पनि छानबिन गरी दोषीलाई कारबाही सिफारिस गर्न सक्ने अधिकार आयोगलाई प्रदान गरिएको छ।

आयोगले यससँग सम्बन्धित आन्दोलनकारी र सरकारी निकायहरुसँग बयान लिइसकेको छ। आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, राष्ट्रपति रामचन्द्र पौडेल, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायण दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा, नेकपा संयोजक पुष्पकमल दाहाल लगायतसँग लिखित र मौखिक बयान लिइसकेको छ। केहीलाई आयोगकै कार्यालयमा र उच्च पदस्थलाई प्रस्न पठाएर लिखित बयान लिएको हो । यस्तै चार वटै सुरक्षा प्रमुखहरुसँग पनि आयोगले बयान लिएको छ। अर्कोतर्फ आन्दोलनमा संलग्न जेनजीका अगुवासहित काठमाडौँ महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र शाहसहितलाई पनि बयान लिइसकेको छ ।

चुनावपहिले नै प्रतिवेदन सार्वजनिक भए चुनाव नै बिथोलिने खतरा सुरक्षा निकायले औँल्याएपछि सरकारले प्रतिवेदन बुझाउने म्याद पछि धकेलेको छ। सरकारलाई सुरक्षा निकायहरुले यसअघि यस्तो सुझाव दिएको र केही दिन पहिलेदेखि नै नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली लगायतले पनि आयोगको प्रतिवेदन छिटो सार्वजनिक हुनु पर्ने तर्क गरेका थिए । चुनावमा दुवैले एक अर्कोलाई आरोप लगाउन पाउने भएका छन । चुनावी रुझानका आधारमा प्रतिवेदन बुझाउन सक्नेछ। सरकारले प्रतिवेदन बुझेर कार्यान्वयनको जिम्मा अब आउने सरकारलाई नै सुम्पिने रणनीति लिएको छ। चुनाव गराएको जस लिन पनि सरकारले आयोगलाई म्याद थपेर नयाँ सरकारलाई कार्यान्वयन गर्न सजिलो बनाउन खोजेको छ। यो सरकारको चलाखी हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चार सय ९३ स्थानीय तहमा एचपिभी खोप अभियान सञ्चालन

रासस
काठमाडौं, २८ माघ

पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप अभियान ५६ जिल्लाका ४९३ स्थानीय तहमा सञ्चालन गरिएको छ ।

हिमाली र पहाडी भेगका २१ जिल्लाबाहेकका ५६ जिल्लामा ४९३ स्थानीय तहमा खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो । उहाँले खोप अभियान यही माघ २५ गतेदेखि सञ्चालन भएपछि हिमाली र पहाडी क्षेत्रमा जिल्लामा चिसो तथा हिमपात पर्ने भएकाले चैतमा खोप अभियान सञ्चालन हुने बताउनुभयो ।

उहाँका अनुसार कोशीका नौ जिल्लामा ८८ स्थानीय तह, मधेसका आठ जिल्लामा ८५ स्थानीय तह, बागमतीमा १० जिल्लामा ९४ स्थानीय तह, गण्डकीका लुम्बिनीका ११ जिल्लाका ९५ स्थानीय तह, कर्णालीका पाँच जिल्लाका ३१ स्थानीय तह र सुदूरपश्चिम प्रदेशमा आठ जिल्लाका ७० स्थानीय तहमा सुरु गरिएको छ ।

सरकारले कक्षा ६ मा पढ्ने किशोरी र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका तथा गत वर्षको एचपिभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने किशोरी र ११ वर्षदेखि १४ वर्षका विद्यालय बाहिरका किशोरी पाठेघरको क्यान्सरबाट बचाउनका लागि खोप अभियान सञ्चालन गरेको छ। पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकाले त्यसको विरुद्ध एचपिभी खोप लगाउनुपर्ने हुन्छ ।

शाखा प्रमुख डा गौतमका अनुसार अभियानका क्रममा २० दिनको अभियानमा करिब तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइने छ । नेपालमा महिलामा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको देखिन्छ भने क्यान्सरको कारणबाट महिलाको मृत्यु हुनेमा यो क्यान्सर पहिलो स्थानमा रहेको छ ।

# 'ग्रे लिष्ट'मा नेपाल, चुनौतीसँगै अवसर पनि

रासस
काठमाडौं, २८ माघ

नेपाल राष्ट्र बैंकका गभर्नर प्रा डा विश्वनाथ पौडेलले नेपाल अन्तरराष्ट्रिय वित्तीय निकाय फाइनान्सियल एक्सन टाक्सफोर्सको 'ग्रे लिष्ट' पर्नु चुनौती पूर्ण भए पनि मुलुकको सम्पत्ति शुद्धीकरण संयन्त्र सुधार्ने ठूलो अवसरका रूपमा लिनुपर्ने बताउनुभएको छ ।

राष्ट्र बैंकको सम्पत्ति शुद्धीकरण रोकथाम तथा सुपरिवेक्षण विभागद्वारा आज यहाँ आयोजित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादलाई वित्तीय सहयोगसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनमा उहाँले यो हाम्रा लागि अवसरका रूपमा पनि रहेको बताउनुभयो । "यसले हामीलाई आन्तरिक संयन्त्र सुदृढ, पारदर्शी र विश्वव्यापी मापदण्डअनुसार बनाउनुपर्ने पाठ सिकाएको छ", उहाँले भन्नुभयो । अत्याधुनिक प्रविधि प्रयोग गरी वित्तीय अपराध गर्ने प्रवृत्ति बढ्दै गएको बताउँदै त्यसलाई नियन्त्रण गर्न सुपरिवेक्षण संयन्त्रलाई थप स्रोतसाधन सम्पन्न बनाउनुपर्ने पनि उहाँले बताउनुभयो । "त्यसका लागि भोली समस्या परेपछि गरौँला भनेर वा घटनापछि प्रतिक्रियात्मक भएर हुँदैन, पूर्वतयारी गर्नुपर्छ", उहाँले भन्नुभयो । कानुनी छिद्र प्रयोग गरी वित्तीय अपचलन र अपराध गर्ने चलन बढेकाले सबै यसप्रति सचेत हुनुपर्नेमा गभर्नर प्रा डा पौडेलले जोड दिनुभयो । मुलुकलाई स्वास्थ्य र शिक्षामा खर्च गर्नुपर्ने रकम यस्ताको रोकथाममा लगाउन बाध्य बनाउनुको साथै सामाजिक र वर्गीय विभेदलाई गहिराउने धारणा पनि उहाँको थियो । बिहीबारसम्म सञ्चालन हुने सम्मेलनमा नेपाल, भारत, श्रीलङ्का बङ्गलादेश र मङ्गोलियाका केन्द्रीय बैंकका अधिकारीहरू सहभागी छन् ।

# जिल्ला समन्वय समिति कास्कीद्वारा अर्धबार्षिक समिक्षा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ



जिल्ला समन्वय समिति कास्कीले कास्कीमा रहेका बिकास निर्माण सम्बद्ध कार्यालयहरूको चालु आर्थिक बर्ष २०८२-८३ को अर्धबार्षिक समिक्षा सम्पन्न गरको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उदघाटन गर्नुभएको थियो । प्रमुख पौडेलले बिगतको कार्यसम्पादनको स्थिति र भाबी कार्यसम्पादनलाई प्रभाबाकारी बनाउने उद्देश्यले नियमित कार्यतालिका मुताबिक कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो। उहाले बिकासमा भएका ब्यबधान हटाउन र कार्यसम्पादनको स्थिति सुधार गर्न कार्यक्रम फलदायी भएको उल्लेख गर्नुभयो । निरन्तर हुने समीक्षाले कमीकमजोरी सुधार्न सहयोग हुने भन्दै पौडेलले बिगतका कमीकमजोरी सुधार्दै सबल कार्य सम्पादनमा ध्यान दिन सरोकारवाला कार्यालयहरूलाई आग्रह गर्नुभयो । काम, क्रियाकलाप र जिम्मेबारी, कार्यसम्पादनको अबस्था र गुणस्तर लगायतका बिषयमा विभिन्न १५ कार्यालयहरूले आफ्नो कार्यालयहरूको विवरण प्रस्तुत गरेका हुन् । स्थानीय पूर्वाधार बिकास आयोजना कार्यालय मुग्लिंग पोखरा सडक आयोजना पश्चिम खण्ड संघिय आयोजना कार्यान्वयन इकाई सडक डिभिजन कार्यालय ,खानेपानी तथा ढल ब्यबस्थापन कार्यालय सिंचाई तथा जलस्रोत ब्यबस्थापन आयोजना, डिभिजन बन कार्यालय, जलस्रोत तथा सिंचाई बिकास कार्यालय कास्की पूर्वाधार बिकास कार्यालय गण्डकी, नेपाल बिद्युत प्राधिकरण पोखरा वितरण केन्द्र, नेपाल टेलिकम, पोखरा शहरी बिकास तथा भवन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पूल सेक्टर लगायतले आफ्नो कार्यालयको कार्य प्रगतिको समिक्षा विवरण पेश गरेको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सदस्य सितादेबी बिश्वकर्मा र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

# पोखरा १७ का स्थानीयले दिए एमालेका उम्मेदवार रश्मिलाई जितको शुभकामना

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ



नेकपा एमालेबाट कास्की क्षेत्र न २ का उम्मेदवार रश्मि आचार्यलाई जितेर गएपछी कानून निर्माणमा आफ्नो सशक्त भूमिका खेल्न आग्रह गर्दै जितको अग्रिम शुभकामना दिएका छन ।

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन लक्षित चुनावी प्रचारको क्रममा पोखरा १७ मा पुगेका उम्मेदवार आचार्यलाई स्थानीयले जितको अग्रिम शुभकाममा दिएका हुन ।

भेटका क्रममा स्थानीय मतदाताले समानान्तर विकासमा जोड दिन आग्रह गरे । उनीहरुले वडामा विकासले क्रमशः गति लिएको बताउदै बजार एरियाबाट भित्री क्षेत्रमा सडक, बाटो, ढल लगायत विकास निर्माणका काममा साथ दिन आग्रह गरे ।

सोही अवसरमा विकास प्रेमी, जनतामूखी उम्मेदवार आचार्यले सूर्य चिन्हमा मतदान गरि काम गर्ने अवसर मिलाइदिन आग्रह गरे । आफू जितेर गएपछिको मूख्य जिम्मेवारी राम्रो कानून बनाउने रहेको बताए । उनले भ्रस्टाचार विरुद्द, सुशासनको पक्षमा सधै सदनमा आवाज उठाउने भन्दै कास्की २ का मतदाताको शिर ठाडो पार्नेगरी काम गर्ने बताए ।

# कुखुरामा इकोलाईको समस्या

रासस
चितवन, २८ माघ

जिल्लामा पालिएका कुखुरामा इकोलाईको समस्या देखिएको छ । राष्ट्रिय पन्छीरोग अन्वेषण प्रयोगशालामा चालु आर्थिक वर्षको साउन यता ४३२ वटा कुखुराको परीक्षण गर्दा सबैभन्दा धेरै इकोलाईको समस्या देखिएको हो ।

कार्यालयका प्रमुख डा विजयकुमार श्रेष्ठका अनुसार परीक्षण गरिएका कुखुरामध्ये ६२ प्रतिशतमा यो रोगको समस्या देखिएको छ । उहाँका अनुसार मरेको कुखुराको कलेजोको नमूना परीक्षण गर्दा यो रोगको समस्या पहिचान भएको हो । उहाँका अनुसार दूषित पानीको प्रयोगले यो रोगको समस्या बढी देखिने गर्दछ । यससँगै पाँच प्रतिशत कुखुरमा साल्मोनेला रोगको सङ्क्रमण देखिएको छ। यो रोग दूषित सामग्रीको प्रयोग, दाना र पानीको लसपसबाट सर्न सक्ने उहाँको भनाइ छ। व्यावासयिक रुपमा कुखुरापालन गर्ने किसानहरुले खानपानमा ध्यान नदिँदा यो रोगको सङ्क्रमण देखिएको हुनसक्ने प्रमुख श्रेष्ठले बताउनुभयो ।

# मुस्ताङको संस्कृति र सम्पदाबारे राजधानीमा चर्चा

रासस
मुस्ताङ, २८ माघ

मुस्ताङको इतिहास, संस्कृति तथा सम्पदाको उजागर गर्नुपर्नेमा मुस्ताङवासी र सरोकारवालाहरूले जोड दिएका छन् ।

नेपाल समाज मिडिया प्रालिले सोमबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा उहाँहरूले मुस्ताङको इतिहास र सम्पदाको जति ऐतिहासिक महत्त्व छ त्योअनुरूप त्यसको महत्त्व उजागर हुन नसकेको धारणा राख्नुभयो । कार्यक्रममा सोबारिया इन्टरनेशनल कलेजका संस्थापक निर्देशक आम्ची तेन्जिन धार्केले मुस्ताङको उपचार प्रद्धति र अभ्यासबारेमा जानकारी गराउनुभयो। त्यहाँको उपचारविधि 'एलोपेथी', 'होमियोपेथी', र आयुर्वेदजस्तै रहेकाले देशव्यापी उपचार पद्धतिको रूपमा विकास गर्नुपर्ने उहाँले धारणा राख्नुभयो। हिमाली जडीबुटीबाट सस्तोमा औषधि उत्पादन हुने, उद्योग खोलेर रोजगारी दिन सकिने, वातावरणमैत्री हुने, पर्यटन प्रवर्द्धन र औषधि आयातमा कमी आउने भएकाले यसमा सरकारले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

योगी नरहरिनाथ बृहत् अध्यात्म परिषद्का महासचिव डा योगी दयानाथले मुस्ताङका बारेमा शिवपुराण, हिमवतखण्डमा तथा नरहरिनाथका एक दर्जन पुस्तकमा हिमाली जडीबुटी र त्यहाँको उपचार विधि उल्लेख भएको बताउनुभयो । बौद्धनाथ क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मोहनकुमार तामाङले मुस्ताङलाई धार्मिक एवं सांस्कृतिक पर्यटनको हब बनाउन सकिने बताउनुभयो । उहाँले यसलाई बौद्ध तीर्थस्थलका रूपमा विकास गर्न सकिने बताउनुभयो । मुस्ताङका पूर्वअधिराजकुमार जिग्मे सेङ्गे पल्बरले मुस्ताङ १५ औँ शताब्दीमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिण एसियालाई जोड्ने सेतु रहेको बताउनुभयो । उहाँले नेपालको परिचय दिने मुस्ताङ पछिल्लो समय जलवायु परिवर्तन र बसाइँसराइको मारमा परेकाले मुस्ताङको संस्कृति परम्परा संरक्षणमा चुनौती देखिएको धारणा राख्नुभयो ।

विश्व वन्यजन्तु कोषका कन्ट्री डाइरेक्टर डा घनश्याम गुरुङले मुस्ताङको मौलिक संस्कृति जगेर्ना गर्नुपर्ने बताउनुभयो। नेपाल समाजका सल्लाहकार पुण्यप्रसाद पराजुलीले सरकारी तवरबाट मुस्ताङको महत्व उजागर गर्नेतर्फ ध्यान जान जरुरी रहेको धारणा व्यक्त गर्नुभयो । पद्मकन्या क्याम्पसका उपप्राध्यापक उमेश रेग्मीलगायतले मुस्ताङको इतिहास र सांस्कृतिक सम्पदाबारेमा चर्चा गर्नुभएको थियो। कार्यक्रममा नेपाल समाज डट कम अनलाइनका संस्थापक ध्रुव पौडेलले मुस्ताङको सम्पदा र संस्कृति संरक्षणमा आफ्नो संस्थाले निरन्तर काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.१४, शिवमार्ग 'क' को पार्क तथा पोखरी निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः शिवमार्ग 'क' को पार्क तथा पोखरी निर्माण
ठेगानाः पोखरा-१४, शिवमार्ग 'क'
योजना सम्झौता मितिः २०८२/०८/०३ गते
योजना सुरु हुने मितिः २०८२/०८/०४ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/१७ गते
योजनाको कुल लागतः रु. ३,३४,०२७.२३
महानगरपालिकाबाटः रु. ३,००,०००।-
जनसहभागिताबाटः रु. ३४,०२७.२३
उपभोक्ता समिति अध्यक्षः सृजना श्रेष्ठ
सम्पर्क नं.ः मो. ९८१६६८१८०३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ७ जना

**शिवमार्ग "क" को पार्क तथा पोखरी निर्माण**
**उपभोक्ता समिति पोखरा-१४, शिवमार्ग**

# जलवायु परिवर्तनसँगै पूर्वाधार विकास, कृषि र पर्यटन नै प्रमुख चुनावी मुद्दा

**वासुदेव पौडेल**
गण्डकी, २८ माघ/रासस

फागुन २१ को निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दल तथा उम्मेदवारहरू बस्तीबस्तीमा मतदाता रिझाउन पुगिसकेका छन् । हिमाल पहाड र तराईमा समेटिएको गण्डकी प्रदेश देशको मध्यभागमा भएको प्रदेश पनि हो । गण्डकीमा हुने गरेको गतिविधिले समग्र देशलाई प्रतिनिधित्व गर्छ ।

हिमाल पारिका जिल्ला मनाङ, मुस्ताङदेखि पहाडी जिल्ला कास्की, स्याङ्जा गोरखा हुँदै तराईको जिल्ला नवलपुरसमेत जोडिएको यो प्रदेश ११ वटा जिल्लामा समेटिएको छ । उत्तरतर्फ चीनसँगको सिमाना कोराला र दक्षिणतर्फ भारतसँगको सिमाना त्रिवेणी जोडिएको प्रदेश भएका कारण यो दुबै छिमेकी राष्ट्रसँगको सिधा पहुँच भएको प्रदेश पनि हो । यहाँका ११ जिल्लामा रहेका १८ निर्वाचन क्षेत्रमा नै चुनावको तयारीमा दल तथा उम्मेदवारका गतिविधिहरू बढिरहेको छ ।

दल तथा उम्मेदवार वस्तीमा पस्दै गर्दा यतिखेर मतदाताहरू उम्मेदवारसँग विभिन्न प्रतिबद्धता खोजिरहेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असर भोगिरहेको हिमाली क्षेत्रमा यसले पार्दै गएको असरको न्यूनीकरणको विषयलाई यहाँका स्थानीयले आसन्न निर्वाचनका उम्मेदवार हरूसँग प्राथमिकताका साथ उठाउने मुस्ताङको ठिनीका युवा निरज थकाली बताउनुहुन्छ ।

पछिल्लो समयमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनले गम्भीर असर पारिरहेको बताउँदै उहाँले त्यसले गर्दा यहाँको कृषि प्रणालीमा पनि ठूलो प्रभाव पारिरहेको जानकारी दिनुभयो । "जलवायु परिवर्तनका कारण विगतमा हुने गरेको खेतीपाती हिमाली क्षेत्रमा हुन छोडेको छ", उहाँले भन्नुभयो, "किसानहरूले भोगिरहेको यस समस्यालाई न्यूनीकरण गर्नेतर्फ राज्यको चासो पुग्नु अपरिहार्य छ ।" कृषिमा राज्यका तर्फबाट त्यही किसिमको लगानी हुनुपर्ने विषयमा चुनावमा भोट माग्न आउने उम्मेदवारसँग आफूहरू प्रतिबद्धता खोज्ने तयारीमा रहेको उहाँले बताउनुभयो । हिमाली क्षेत्रमा २०३२ सालदेखि अव्यवस्थित जग्गाको नापी हुन नसकेको र भूमिहीन सुकुम्बासीहरूलाई समस्या परिरहेको स्थानीयवासी बताउँछन् । सम्पन्न व्यक्तिहरूले जग्गामा स्याउलगायतका खेती गरे पनि भूमिहीनहरू त्यसबाट वञ्चित बनिरहेको उहाँले बताउनुभयो ।

पर्यटकीय गन्तव्य भए पनि त्यसको समुचित उपयोग हुन नसकेको बताउँदै उहाँले उपल्लो मुस्ताङलाई अर्धनिषेधित क्षेत्र कायम गरिँदा त्यसले विदेशी पर्यटकको आगमनलाई प्रभावित बनाएको बताउनुभयो । जलवायु पविर्तनको असरको न्यूनीकरणसँगै कृषि, पर्यटनलगायतका विषय नै यस क्षेत्रका प्रमुख चुनावी मुद्दा रहेको स्थानीयवासीहरू बताउँछन् ।

गण्डकी प्रदेशको 'लाइफलाइन'का रुपमा रहेको कोराला नाकालाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने पर्यटन सम्बद्ध व्यवसायीहरू बताउँछन् । चीनसँगको सीधा सम्पर्क रहेको कोरला नाकालाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न सकिएमा त्यसले गण्डकी प्रदेशको मात्र नभै समग्र नेपालको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ । "कोराला नाकाको उपयोगसँगै पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सिधा अन्तरराष्ट्रिय उडान हुनु आवश्यक रहेको छ", उहाँले भन्नुभयो, "गण्डकी प्रदेश पर्यटनको प्रचुर सम्भावना भएको क्षेत्र भएका कारण पर्यटन प्रवर्द्धन र विकासलाई प्राथमिकता दिनु आवश्यक छ ।"

प्रदेशका प्राकृतिक एवं मानवनिर्मित सम्पदाले स्वदेशी वा विदेशी जो कोहीलाई लोभ्याउने गरेका छन् । तराईको नवलपुरदेखि हिमालपारिको जिल्ला मुस्ताङको लोमान्थाङ र मनाङ जिल्लामा पर्ने विश्वको सर्वोच्च उचाइको तिलिचो ताल लगायत प्राकृतिक छटा र सुन्दरता यहाँका प्रमुख पर्यटकीय आकर्षण हुन् । नदीनाला, मठमन्दिर र हिमशृङ्खलाको दृश्यावलोकनका गन्तव्यले गण्डकी प्रदेशमा पर्यटकलाई आकर्षित गर्दै आएको छ । प्रदेशभित्रका कास्की जिल्लामा पर्ने फेवाताल, तालबाराही मन्दिर, विन्ध्यवासिनी मन्दिर, मुस्ताङको मुक्तिनाथ, गोरखाको मनकामना, गोरखा दरबार, नवलपुरका गोरक्षमोक्षधाम, कैलाश आश्रम, वाल्मिकी आश्रम, मौलाकालिका, लमजुङको कालिका, तनहुँको ढोरबराह, छाब्दीबराह, थानीमाई, देवघाट आदि धार्मिक पर्यटकीय गन्तव्य हुन् । त्यस्तै स्याङ्जाको आलमदेवी, छायाँ क्षेत्र, बागलुङको कालिका, नवलपुर क्षेत्रका गजेन्द्र मोक्षधाम, कैलाश आश्रम, वाल्मीकि आश्रम, मौलाकालिका आदिलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने यहाँका मतदाता बताउँछन् । साहसिक पर्यटनको गन्तव्यसमेत रहेको गण्डकी प्रदेशभित्र पोखरामा अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय, जीप लाइन, बञ्जी, अल्ट्रालाइटजस्ता पर्यटकीय गतिविधि सञ्चालनमा छन् भने पर्वत, बागलुङजस्ता स्थानहरूमा साहसिक पर्यटनसँग जोडिएका अग्ला लामा पुलसँगै बञ्जी आदि रहेका छन् । पदयात्रा पर्यटनमा आकर्षक मानिएको प्रदेशभित्र अन्नपूर्ण चक्रीय पदमार्ग, मर्दी तथा माछापुच्छ्रे नमूना पदमार्ग, धौलागिरि पदमार्ग आदिका साथै नेपालको एकमात्र मध्यपहाडी क्षेत्रको तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोडिने मिलेनियम ट्रेक पनि यही प्रदेशमा पर्दछ । पछिल्लो समयमा प्रवर्द्धन र विकास गर्न खोजिएको कास्कीको सिकलेस, ताङतिङ, लमजुङ घनपोखरा, सिउरुङलगायत स्थानबाट सुरु भई दूधपोखरी हुँदै मनाङको तिमाङसम्म जोडिने गुरुङ सम्पदा पदमार्ग पदयात्रा पर्यटनको आकर्षक गन्तव्यका रुपमा विकास हुँदै गएको पर्यटन व्यवसायी बोबरजङ्ग गुरुङले बताउनुभयो ।

पदयात्रा पर्यटनसँगै गण्डकी प्रदेशको पर्यटकीय विकास नै यहाँको प्रमुख आवश्यकता रहेको उहाँले बताउनुभयो । गाउँ पर्यटनमा पनि उत्तिकै आकर्षक यस प्रदेशमा नेपालमा नै पहिलो घरवास सञ्चालन भएको सिरुवारीदेखि बागलुङको ढोरपाटन, लमजुङको घलेगाउँ हुँदै नवलपुरको अमलटारी, पिपरह आदि थुप्रै घरवासहरू पर्यटकलाई स्वागत गरिरहेका छन् । कृषिको विकास पनि यस प्रदेशको अर्को प्रमुख सम्भावना हो । स्याउ फल्ने हिमाली भेगदेखि अन्नको उर्बर भूमि तराईको नवलपुरसम्मका क्षेत्रमा भौगोलिक अवस्थिति अनुसार विभिन्न कृषिजन्य उत्पादन गर्न सकिन्छ । कृषिमा राज्यले चासो दिन सक्ने हो भने प्रदेशले देशका अन्य प्रदेशमा पनि यहाँको खाद्यान्न पुऱ्याउन सक्ने अगुवा कृषकहरू बताउँछन् । राज्यले कृषकहरूलाई प्रोत्साहित गर्ने किसिमका कार्यक्रम ल्याउनुपर्ने कास्कीको सुरौदी क्षेत्रका अगुवा कृषक रमेश आचार्य बताउनुहुन्छ । "यस क्षेत्रमा कृषिका धेरै सम्भावना भएर पनि त्यसको उजागर हुन सकेको छैन", उहाँले भन्नुभयो, "हाम्रा नदीनालाहरू सिँचाइका लागि उपयोग हुनुपर्नेमा तिनीहरूको कटान नियन्त्रण गर्न नसक्दा बर्सेनि खेतीयोग्य जमिनहरू पनि बगरमा परिणत भइरहेको छ ।" भएका नदीनालाहरूले बर्सेनि गर्ने गरेको कटान नियन्त्रण गर्दै त्यसको पानीलाई सिँचाइका लागि उपयोग गर्ने वातावरण निर्माण गर्नु अपरिहार्य भएको उहाँले बताउनुभयो ।

पछिल्ला समयमा कृषिप्रतिको अनिच्छा एवं बसाइँसराइका कारण खेतीयोग्य जमिनहरू बाँझा हुँदै गएका अवस्थामा राज्यको कृषकमैत्री नीति र प्रोत्साहन गर्ने किसिमका कार्यक्रम अपरिहार्य भएको उहाँको भनाइ छ । आसन्न निर्वाचनमा कृषकका यिनै समस्याको समाधान गर्ने गरी उम्मेदवार हरूसँग प्रतिबद्धता खोजिने उहाँले बताउनुभयो । पछिल्ला समयमा यस प्रदेशमा बाँदरको समस्या पनि गम्भीर रुपमा देखिएको कृषकहरूको दुःखेसो छ । बाँदरकै कारण खेतीपातीमा समस्या परिरहेको बताउँने कृषकहरू यसको नियन्त्रणका लागि तत्कालै राज्यका तर्फबाट उचित ध्यान दिनुपर्ने बताउँछन् । निर्वाचनमा भोट माग्न आउने उम्मेदवारहरूसँग बाँदरको नियन्त्रणका लागि उचित पहल बढाउनका लागि पनि प्रतिबद्धता खोज्ने कृषकहरूको तयारी छ । गण्डकी प्रदेशमा रहेर पनि प्रदेशको राजधानी आउन बागमती प्रदेश हुँदै घुमेर आउनुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने विषय नवलपुरवासीले गर्दै आएका छन् । नवलपुरबाट सीधा तनहुँको भिमादहुँदै पोखरा आउन सकिने भए पनि त्यस मार्गलाई अझै व्यवस्थित गर्न नसक्दा आफूहरू समस्यामा परिरहेको नवलपुरस्थित फारमका स्थानीयवासी बलराम आचार्यले बताउनुभयो । "नवलपुरबाट भिमाद हुँदै सीधा आउने बाटो भएर पनि त्यसलाई उचित व्यवस्थापन गर्न नसक्दा यस क्षेत्रका स्थानीयले प्रदेशको राजधानी पुग्न पनि चितवन हुँदै घुमेर आउनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "नवलपुरबाट भिमाद हुँदै पोखरा आउने बाटोलाई व्यवस्थित रुपमा सञ्चालन गर्नेतर्फ राज्यको तत्काल ध्यान पुग्नु जरुरी छ ।" आसन्न निर्वाचनका उम्मेदवारसँग प्रदेश राजधानीसँगको सिधा पहुँचका लागि यस बाटोलाई सुव्यस्थित रुपमा सञ्चालन गर्ने विषयलाई प्राथमिकताका साथ उठाउने उहाँले बताउनुभयो । पछिल्लो समयमा रोजगारीको समस्या पनि यहाँको ज्वलन्त समस्याका रुपमा रहेको बताउँदै उहाँले रोजगारीको सुनिश्चितका लागि उचित पहल हुनुपर्ने बताउनुभयो ।

स्वदेशमा नै रोजगारी सिर्जना गर्न सकेमा बढ्दो युवा पलायनलाई रोक्न सकिने बताउँदै उहाँले त्यसतर्फ राज्यको ध्यान पुग्नु जरुरी रहेको बताउनुभयो । गण्डकी प्रदेशमा आसन्न निर्वाचनका लागि कुल १८ लाख ७० हजार ६५ जना मतादाता रहेका छन् । यसमा महिला मतदाता नौ लाख ५५ हजार ५१६ जना, पुरुष मतदाता नौ लाख १४ हजार ५३५ जना र अन्य १४ जना रहेको प्रदेश निर्वाचन कार्यालय पोखराले जनाएको छ । यस प्रदेशका १८ वटा निर्वाचन क्षेत्रमा विभिन्न २१ राजनीतिक दलसहित स्वतन्त्र उम्मेदवारहरू चुनावी प्रतिष्पर्धामा छन् । प्रदेशमा सबैभन्दा थोरै मतदाता भएको मनाङमा छ हजार ८४९ जना मतदाता रहेका छन् । मनाङमा निर्वाचनका लागि २८ वटा मतदानस्थल निर्धारण गरिएको छ । प्रदेशको सबैभन्दा धेरै मतदाता रहेको कास्की जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा कुल दुई लाख ९३ हजार ८८ मतदाता हरेकामा १५० मतदानस्थल निर्धारण गरिएको छ ।

# नेपाल-भारत मैत्री संघ कास्कीद्वारा विदाइ तथा स्वागत कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



नेपाल-भारत मैत्री संघ कास्कीको आयोजनामा पोखरामा एक विशेष विदाइ तथा स्वागत कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा संघका पदाधिकारी, सदस्यहरू, नेपाल एस.बी.आई बैंकका कर्मचारी तथा पोखरा पीपीओका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रमको स्वागत मन्तव्य संघका पूर्व अध्यक्ष श्री गोपाल धोजूले व्यक्त गर्नुभएको थियो । उहाँले संघले विगतदेखि गर्दै आएका गतिविधिहरूको स्मरण गर्दै नेपाल र भारतबीचको मैत्री सम्बन्ध सुदृढ बनाउन यस्ता कार्यक्रमको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो । कार्यक्रममा विदाइ हुनुभएका लेफ्टिनेन्ट कर्नल प्रशान्त सिंह बघेलले आफू पोखरामा रहँदा सकेसम्म सहयोग गर्ने प्रयास गरेको र आगामी दिनमा भारतको जुनसुकै स्थानमा रहे पनि नेपालको हितका लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले पोखरामा बिताएका समय र यहाँका मानिसहरूसँगको सम्बन्ध सदैव स्मरणीय रहने धारणा राख्नुभयो । त्यसैगरी नवआगन्तुक लेफ्टिनेन्ट कर्नल चितरञ्जन साहूले आफू यो स्थानका लागि नयाँ भए पनि पोखरामा रहँदा नेपाल-भारत मैत्री संघसँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो । उहाँले दुवै देशबीचको आपसी समझदारी र सहकार्यलाई थप मजबुत बनाउन आफ्नो तर्फबाट पूर्ण सहयोग रहने विश्वास दिलाउनुभयो । कार्यक्रमका अध्यक्ष श्री किरणलाल श्रेष्ठले संघको आगामी योजनाबारे जानकारी गराउँदै अब छिट्टै नेपाल-भारत मैत्री संघको भवन तथा लाइब्रेरी व्यवस्थापन निर्माणका लागि स्रोत-साधन जुटाउने क्रम जारी रहेको बताउनुभयो । उहाँले यस कार्यका लागि केही रकम संकलन भइसकेको र थप सहयोग जुटाउने प्रयास भइरहेको जानकारी दिनुभयो। साथै संघलाई संस्थागत रूपमा अझ सशक्त बनाउँदै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता श्री किरणलाल श्रेष्ठले गर्नुभएको थियो भने सञ्चालन संस्थाकी सचिव मिनु श्रेष्ठ कुँवरले गर्नुभएको थियो । कार्यक्रममा नेपाल एस.बी.आई बैंकका कर्मचारीहरू, नेपाल-भारत मैत्री संघका सदस्यहरू तथा पोखरा पीपीओका कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो ।

नेपाल-भारत मैत्री संघ कास्कीले दुई देशबीचको सांस्कृतिक, सामाजिक तथा मैत्रीपूर्ण सम्बन्ध अभिवृद्धि गर्न निरन्तर महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ ।

# चपस कास्कीद्वारा स्व. दिनेश सिटौला र स्व.सुनिल थापाप्रति श्रद्धाञ्जली

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



चलचित्र पत्रकार संघ नेपाल कास्कीको आयोजनामा २०८२ माघ १८ गते निवर्तमान केन्द्रीय अध्यक्ष स्वर्गीय दिनेश सिटौला र २०८२ माघ २४ गते वरिष्ठ कलाकार स्वर्गीय सुनिल थापाको निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै दीप प्रज्वलन कार्यक्रम भएको छ ।

मंगलबार संघका अध्यक्ष सन्तोष बस्यालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाली चलचित्र क्षेत्रका विभिन्न व्यक्तित्वहरू उपस्थित थिए।

कार्यक्रममा कलाकार प्रकाश घिमिरे, माओत्से गुरुङ, कपिल शर्मा, चलचित्र निर्माता विनोद शेरचन, निर्देशक घनश्याम लामिछाने, नेत्र गुरुङ र संघका संस्थापक अध्यक्ष श्रीराम सिग्देललगायतले दिवंगत व्यक्तित्वहरूको योगदानको चर्चा गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरे । कलाकार प्रकाश घिमिरेले दिवंगत दुवैको चलचित्र क्षेत्रका लागि योगदानको स्मरण गर्दै दुवैबाट चलचित्र क्षेत्रको विकासमा महत्वपूर्ण काम भएको बताए । कलाकार माओत्से गुरुङले आफूले दुवैसँग नजिकको सम्बन्ध राखेको र अचानक निधनले पत्याउन गाह्रो भएको सुनाए। "अस्ति भर्खरैसम्म हाम्रो कुरा चलिरहेको थियो, तर आज उहाँहरु दुवै यो संसारमा हुनुहुन्न। चलचित्र क्षेत्रले सधैं उहाँहरूको योगदानको कदर गर्नेछ," उनले भने । कन्यादान, बादलपारी, साइनो लगायतका चलचित्रका निर्माता विनोद शेरचनले चलचित्र क्षेत्रको विकासमा दुवैको योगदान अविस्मरणीय रहेको बताए ।

संस्थापक अध्यक्ष श्रीराम सिग्देलले दिवंगत दिनेश सिटौलाले चलचित्र पत्रकारितामा पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको र उनको नेतृत्व, स्पष्ट दृष्टिकोण तथा समर्पणले संघलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको बताए। साथै, स्व. सुनिल थापाले नेपाली चलचित्र क्षेत्रमा पुऱ्याउनुभएको योगदान, अभिनय यात्रा र कलाप्रतिको समर्पण सधैं स्मरणीय रहने धारणा व्यक्त गरे । संघका अध्यक्ष सन्तोष बस्यालले नेपाली चलचित्र क्षेत्रले एकै महिनाभित्र दुई महत्वपूर्ण व्यक्तित्व गुमाउनुपर्दा अपूरणीय क्षति भएको भएको उल्लेख गरे । उनीहरूको योगदान सदैव सम्मान र स्मरण गरिने भनाई उनको छ । उनले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गरे । कार्यक्रममा उपस्थित सबैले दीप प्रज्वलन गर्दै मौनधारणमा दिवंगत आत्माप्रति श्रद्धाञ्जली अर्पण गरे। यस कार्यक्रममार्फत नेपाली चलचित्र क्षेत्रप्रति दिवंगत व्यक्तित्वहरूले पुऱ्याएको अमूल्य योगदान पुनः स्मरण गरिएको छ ।

# बेनीदेखि ढोरपाटन हुँदै रुकुम जोड्ने सडकलाई मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक बनाउने दाहालको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ माघ

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल (प्रचण्ड)ले म्याग्दीको बेनीदेखि ढोरपाटन हुँदै रुकुम जोड्ने सडकलाई मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक बनाउने प्रतिबद्धता जनाउनुभएको छ ।

नेपाली कम्युनिष्ट पार्टी बुधबार आयोजना गरेको आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन लक्षित कार्यकर्ता प्रशिक्षण कार्यक्रमलाई सम्बोधन छ वर्षअघि हिमाली जिल्लामा सूचीकृत म्याग्दीमा हिमाली जिल्लाअनुसारको सेवासुविधा कार्यान्वयनमा पनि ल्याउने प्रतिबद्धता जनाउनुभयो ।

"बेनीदेखि दरबाङ-ताकम-मुना-जलजला-ढोरपाटन हुँदै रुकुम जोड्ने सडक मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको तुलनामा ६५-७० किलोमिटर छोटो पर्ने भएकाले पूर्वी रुकुमको उम्मेदवार भएको नाताले पनि यसमा मेरो प्राथमिकता हुनेछ", उहाँले भन्नुभयो, "छ वर्षअघि हिमाली जिल्लामा सूचीकृत भएको म्याग्दीमा हिमाली जिल्लाको मापदण्ड लागू गराउन मेरो पहल रहने विश्वास दिलाउन चाहान्छु ।"

असहज परिस्थितिमा नेपालमा निर्वाचन हुन लागेको बताउँदै दाहालले आसन्न निर्वाचनलाई सामान्य नसोच्न कार्यकर्तालाई आग्रह गर्नुभयो । राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय, विकास र रोजगारीको मुद्दालाई नेकपाले प्राथमिकता दिएको बताउँदै पूर्वप्रधानमन्त्री दाहालले यसपाली चुनावअघि कुनै पनि राजनीतिक दलहरूसँग तालमेल र सहकार्य नहुनेमा स्पष्ट रहन आग्रह गर्नुभयो । "विभिन्न प्रशङ्गमा प्रतिस्पर्धी दलका नेतासँग भएको भेटघाटलाई लिएर पार्टी पङ्क्तिमा तरङ्ग र अन्योलता सिर्जना नहोस्", उहाँले भन्नुभयो, "यसपालीको चुनावमा हाम्रो आफ्नै तागतमा लडेर सकारात्मक परिणाम निकाल्न मेहनत गरिरहेका छौं ।" देशलाई सही नेतृत्व गरेर राजनीतिक निकास दिने, स्थिरता र जनचाहनाअनुसार सुशासन तथा विकासमा जोड दिने दाहालले बताउनुभयो ।

असल राजनीतिक संस्कार प्रदर्शन गर्दै सबैलाई समदूरी तथा सन्तुलनमा राखेर अगाडि बढ्ने नेकपाको नीति रहेको बताउँदै आसन्न चुनावमा ठूलासभा र औपचारिक कार्यक्रममाभन्दा बढी मतदातासँग भेटघाट र सामाजिक सञ्जालको प्रयोगमा जोड दिने दाहालले बताउनुभयो। म्याग्दीमा नेकपाबाट प्रतिनिधिसभा सदस्यका उमेद्वार अर्जुन थापाले भौतिक पूर्वाधारको जगमा म्याग्दीलाई कृषि, पर्यटन र जलविद्युत् क्षेत्रको सम्भावनामार्फत विकसित र समृद्ध बनाउने योजना रहेको बताउनुभयो । "केन्द्रीय राजनीतिमा म्याग्दीको पहुँच बढाउने, नीति, नियम, बजेट र योजनामा म्याग्देलीको भावना, माग र आवश्यकतालाई सम्बोधन गराउन म उम्मेदवार बनेर आएको छ", उहाँले भन्नुभयो, "पूर्वाधार, जलविद्युत्, पर्यटन र कृषिमार्फत म्याग्दीलाई समृद्ध र विकसित बनाउने हाम्रो योजना छ ।" नेकपाका नेता गोविन्द पौडेलले म्याग्दीका छवटै स्थानीय तह र ४५ वटै वडा तहमा घरदैलो गरेर चुनाव प्रचारमा जुटेको जानकारी दिनुभयो । उहाँले म्याग्दीका विकासका मुद्दामा संयोजक दाहालको ध्यानाकर्षण गराउनुभएको थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.१४, मझेरीपाटन मगर समाज भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः मझेरीपाटन मगर समाज भवन निर्माण
ठेगानाः पोखरा-१४, शिवमार्ग 'क'
योजना सम्झौता मितिः २०८२/०८/०७ गते
योजना सुरु मितिः २०८२/०८/०८ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/१९ गते
योजनाको कुल लागतः रु. ११,११,१११.११
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,१११.११
उपभोक्ता समिति अध्यक्षः बल बहादुर मगर
सम्पर्क नं.: मो. ९८१९१९००४४
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५

**मझेरीपाटन मगर समाज भवन निर्माण उपभोक्ता समिति पोखरा-१४**